# मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सानोश्री, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल ।

**आन्तरिक आयको लागि आयमूलक भवन (सटर) को ठेक्का बन्दोबस्त गर्न टेण्डर आह्वानको सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/१३

जिल्ला बर्दिया मधुवन नगरपालिका कुसुम्बा हाटबजार स्थित मधुवन नगरपालिकाद्वारा निर्मित आयमूलक सटर भवनको कोठा (सटर) नम्बर १८ देखि कोठा (सटर) नम्बर ३४ सम्मका १७ वटा कोठाको सम्झौता भएको मिति देखि लागू हुने गरी १ वर्ष सम्म आन्तरिक आय संकलनको लागि प्रति कोठा प्रति महिना रु. ४२००/- (अक्षेरुपी चार हजार दुई सय मात्र।) (मु.अ.कर समेत) का दरले १७ वटा कोठाको न्यूनतम वार्षिक रकम रु. ८,५६,८००/- (अक्षेरुपी आठ लाख छपन्न हजार आठ सय मात्र।) (मु.अ.कर समेत) कायम हुने गरी मधुवन नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१२/०७ को निर्णयानुसार टेण्डर बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म, कम्पनी, व्यक्तिहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक टेण्डर पेश गर्नका लागि १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

| ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम टेन्डर रकम वार्षिक रु. (मु.अ.कर कर समेत) | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १५/२०८१/०८२ | नयाँ आयमूलक भवन.२ मा सटर नम्बर १८ देखि ३४ सम्म (१७ वटा) | मधुवन नगरपालिका वडा नं. ८ कुसुम्बाबजार । | ८,५६,८००।- ( आठ लाख छपन्न हजार आठ सय मात्र ।) | सम्झौता भएको मिति देखि १ वर्ष सम्म । | |

१. फर्म/कम्पनीको हकमा टेण्डरदाताले कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं. तथा मू.अ.कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिको हकमा नागरिता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
२. टेण्डर फाराम रु. १०००/- (अक्षेरुपी एक हजार मात्र।) पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशन भएको मितिले १५औं दिन सम्म खरिद गर्न सकिनेछ ।
३. टेण्डरदाताले यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड सानोश्री शाखामा रहेको धरौटी खाता नं. १५१०३००००३००००००००१ मा वार्षिक कबोल अंकको ५% हुन आउने रकम धरौटी वापत नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।
४. टेण्डरदाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ । अंक र अक्षर काटी पुनर्लेखन गर्नु परेमा काटेको स्थानमा टेण्डरदाताले अनिवार्य हस्ताक्षर गर्नुपर्नेछ । तोकिएको न्यूनतम टेण्डर रकम भन्दा कम रकम कबोल गर्न पाइनेछैन । सबैभन्दा बढि रकम कबोल गर्नेको र रित पुगेको टेण्डर स्वीकृत गरिनेछ ।
५. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रित नपुगेको, कुनै शर्त राखी पेश भएको, सूचनाको शर्त विपरित भएको टेण्डर माथि कुनै कारबाही हुनेछैन ।

लेखा अधिकृत

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

६. टेण्डर स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

७. खरिद गरेको टेण्डर सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ र सो टेण्डर सोही दिनको २:०० बजे टेण्डरदाताको उपस्थितिमा खोलिनेछ । यदि टेण्डर दाता उपस्थित नभएमा पनि सो टेण्डर खोल्न बाधा पर्ने छैन ।

८. टेण्डर पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट लगतै कार्यालय खुलेको दिन सोहि समयमा पेश गर्न सकिनेछ र खोलिनेछ ।

९. आयमूलक भवनमा कृषिजन्य उत्पादनका सामानहरु पहिलो प्राथमिकतामा राखेर मात्र दैनिक उपभोगका सामान, रेडिमेड कपडा, जुत्ता चप्पल, बिजुलीको सामान, कस्मेटिक, श्रृङ्गारका सामानहरु, भाडा पसल, पुजा सामाग्री बेचिविखन गर्न पाइनेछ । माथिको वस्तुहरु बाहेक बढी जोखिम हुन वस्तुहरु, गैर कानूनी वस्तुहरु र अन्य कुनै किसिमको व्यवसाय गर्न वा राख्न वा वेचबिखन गर्न पाईने छैन । माथि उल्लेख भएका बाहेक कुनै वस्तुको व्यवसाय गर्नु पूर्व नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

१०.टेण्डर पेश गर्नेले यस नगरपालिकामा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदी बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बाँकी बक्यौता भएको हुनुहुँदैन । त्यस्तो टेण्डर पेश गर्नेको टेण्डर पेश भएको भए पनि बदर गरिनेछ ।

११.एक व्यक्ति, फर्म, कम्मनीको नाममा खरिद गरिएको टेण्डर फाराम अर्को व्यक्ति, फर्म, कम्पनीको नाममा दाखिला गर्न पाईनेछैन ।

१२. सडक मापदण्ड विपरित व्यापार व्यवसाय गर्न पाईने छैन र वातावरणलाई प्रतिकुल असर पार्ने गरी फोहोर गर्न पाईनेछैन

१३. समय समयमा वडा कार्यालय र नगरपालिकाले दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ ।

१४. सटर भाडा सम्झौता हुँदा सम्झौता प्रतिकुल भएमा वा सम्झौता विपरित कार्य भए गरेको पाईएमा कार्यालयले टेण्डरदातासँग कुनै पनि समयमा सम्झौता भंग गर्न सकिनेछ ।

१५. टेण्डरदाताले कबोल गरेको रकम एकमुष्ट रुपमा वा किस्ता बन्दीमा बुझाउन सक्नेछ । यदि किस्ता बन्दीमा रकम बुझाउने भए कुल कबोल रकमको ५० प्रतिशत सम्झौता गर्दा नगदै वा बैंकमा नगद दाखिला गरेको सक्कलै बैंक भौचर यस कार्यालयमा बुझाउनुपर्नेछ र बाँकि ५० प्रतिशत रकम नगदै वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सम्झौता भएको मितिबाट १३ महिनासम्म मान्य अवधि भएको बैंक जमानत सम्झौता गर्नु अगावै पेश गर्नुपर्नेछ ।

१६. टेण्डरदाताले सटर भाडा सम्बन्धी वस्तुस्थिति, विवरण तथा प्रतिवेदन ६/६ महिनामा यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१७. सटरमा कुनै प्रकारको हानी नोक्सानी गर्न पाईनेछैन । हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ति टेण्डरदाताले नै ब्यहोर्ने तथा मर्मत सम्भार गर्नुपर्नेछ ।

१८. अन्य विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मधुवन नगरपालिकाको आर्थिक ऐन, २०८१, रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, रकम र सरकारी ठेक्का बन्दोबस्त नियमावली, २०२२, एवम् नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

१९. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

२०८१/१२/१३

प्रमुख प्रशासकीय अधिकृत